# स्थानीय राजपत्र

अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित

| खण्ड २ | संख्या १ | मिति ………… |
|---|---|---|

भाग २

## अर्जुनचौपारी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# अर्जुनचौपारी गाउँपालिकाको उत्पादनमा उपाध्यक्ष कार्यविधि,२०८०

**अर्जुनचौपारी गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।१५**

**प्रस्तावनाः** उद्यमशिलताको माध्यमबाट उत्सुक व्यक्तीको कम लगानिबाट आयआर्जन उद्यम प्रवर्द्धन गर्न, महिलाको आत्मबललाई निर्भरमुखी आर्थिक स्तरलाई टेवा पुर्याउने हेतुका साथ क्रमशः सामुहिक रूपबाट आमा समूहमा संगठित गराउदै, समुह/समिति स्थापना गरी स्थानिय सरकार संचालन ऐन २०७४ को मर्म र भावना अनुरूप "महिला जागरण उत्थानका लागि संघ, प्रदेश र स्थानिय सरकारको सेवाबाट अधिकतम उपयोगी बनोस भन्ने हेतुले अर्जुनचौपारी गाउँपालिकाले महिला तथा उद्यमीको हरुको लागि बृहत कार्यविधी बनाएको हो।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम अर्जुनचौपारी गाउँपालिकाको "उत्पादनमा उपाध्यक्ष कार्यविधि, २०८०" रहने छ।

१.२ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ ।

**२. परिभाषा विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "अध्यक्ष" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षलाई जनाउने छ।

ख) "उपाध्यक्ष" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको उपाध्यक्षलाई जनाउने छ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

घ) "सदस्य सचिव" भन्नाले विषयगत शाखाका प्रमुख वा शाखा प्रमुखले खटाएका प्राविधिक /कर्मचारी भन्ने बुझाउने छ। जस्तै महिला तथा बालबालिका शाखा, कृषि तथा पशु सेवा शाखा, उद्यम विकास शाखा र सामाजिक विकास शाखा।

ङ) "महिला तथा उद्यमी " भन्नाले सबै वडामा स्थायी रुपमा बसोबास गरेका र २५ वर्ष उमेर पूरा भएका व्यवसाय गर्न उत्सुक महिला वा पुरुष दुवैलाई जनाउने छ। सो शब्दले एकल महिला पिछडिएका सेवा सुविधाबाट वञ्चित उद्यम गर्न ईच्छुक महिला,आर्थिक अवस्था कमजोर भएका सानो लगानीमा व्यावसाय गर्न चाहाने पुरुष समेत जनाउने छ।

च) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई जनाउने छ।

छ) "कार्यपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ।

३. उद्देश्य : " महिला उद्यमशिलता कार्यक्रम" संचालनको उद्देश्य देहाय बमोजिम रहनेछन् ।

क) कृषि तथा पशुजन्य उत्पादनसंग जोडिएका निम्न लिखित खेती, व्यवसाय पालन, उद्योग प्रवर्द्धन र बजारिकरण गर्न सक्ने।

क.१. बाख्रापालन, तरकारी खेती, खाद्यान्न बाली, रैथाने बाली, फलफूल खेती, मौरीपालन, पुष्प खेती र पुष्प व्यवसाय, स्थानीय कुखुरापालन, कालिज पालन, मसलाबाली, च्याउखेती, सुधारिएको मासु पसल, पैचो पसल,हाते सामाग्री आदि कार्यहरु तथा क्रियाकलाप ।

क.२.महिला उद्यमशिलताका लागि गाउँपालिका तथा वडा स्थित वडा कार्यालय तथा वडा समितीको मातहतमा रहने गरी लक्षित वर्गको छनौट पहिचान गरी कार्यक्रम, क्रियाकलाप संचालन गर्न सकिने ।

ख) वार्षिक रूपमा योजना तर्जुमा तथा छनौट कार्यमा महिला उद्यमशिलता विकास कार्यक्रमहरुलाई निरन्तरता दिने।

ग) अर्जुनचौपारी गाउँपालिकामा दर्ता भएका आमा समूहहरुलाई कृषि तथा पशुजन्य व्यवसायमा सामूहिक रुपमा शसर्त रुपमा संघ तथा प्रदेश अन्तर्गतका कार्यक्रमहरु साथै मागको आधारमा वार्षिक विकास बजेटबाट कार्यक्रममा परिचालन गराउने।

(घ) उद्यमी बन्न चहाने हरेक किसानले तालिम लिन सक्नेछ।

४. समूह गठन प्रक्रिया :

क) वडा छनौट गरी कार्यक्रमको थालनी गर्ने कार्यपालिकाले एवं रितले वार्षिक रुपमा अन्य वडाहरुमा सेवा विस्तार थप गर्दै लैजाने ।

ख) २ वा सो भन्दा चढी वडाहरुका लक्षित वर्गका महिलाहरुको पहिचान छनौट गरी १ समूह बराबर १५ देखि २५ जना महिला सदस्य रहने गरी समूह गठन गर्ने ।

ग) एउटै प्रकृतिका उद्यमीहरुको समूह संख्या १५ र सदस्य संख्या २२५ जना पुगेको अवस्थामा सहकारीको अवधारणा अनुरुप सहकारीमा आवद्ध गराइ कार्यक्रम/क्रियाकलाप संचालन गर्ने ।

घ) संगठित समूह/ सहकारीलाई स्थानिय सरकार संचालन ऐन २०७४ वा समय सापेक्षित रुपमा परिमार्जन भएमा सोहि अनुरुप भएमा सोहि बमोजिम लक्षित वर्गलाई शसर्त वा निशर्त तथा लागत साझेदारी कार्यक्रममा अधिकतम रुपमा संगठित गराई संचालन गर्ने।

ङ) प्रत्येक समूहका लागि तपसिल बमोजिम पद रहनेछ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सचिव | १ जना |

अन्य सदस्यहरु रहने छन्।

(नोटः मासिक बचत देखि ऋण लगानी सम्मको कारोवार संचालन गर्न सकिनेछ ।।
च) समूह गठन प्रक्रियामा हुने क्रियाकलाप तल उल्लेख गरिए अनुसार हुनेछ
च.१) समूहलाई वडा कार्यालयको सिफारिसमा गाउँपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ।
च.२) पान नं प्राप्त गर्नको लागि गाउँपालिकाको कार्यालयबाट नियमानुसार आन्तरिक राजस्व कर कार्यालयलाई सिफारिस गरी पठाउने छ।
(नोटः मानसिक सामाजिक र स्वास्थ्यको कारण अयोग्य व्यक्तिलाई समूहमा आवद्ध गराउन सकिने छैन।)

## ५. उद्यमी समूहको बैठकः

क) उद्यमी तथा आमा समूहहरुको बैठक सकभर महिनामा १ पटक अन्यथा सम्भावित रुपमा १ त्रैमासिक अवधि भित्र कम्तिमा १ बैठक बस्नु पर्ने छ।
ख) समूहको बैठक तोकिएको मिति, स्थान र समयमा वस्नु पर्ने छ ।
ग) बैठकको निर्णय बैठकमा सहभागी सदस्यहरु र अनिवार्य रुपमा अध्यक्षता गर्ने व्यक्तिले बैठक पारित गराई प्रमाणित गरि राख्नु पर्ने छ।
घ) बैठकबाट पारित भएको निर्णयलाई कार्यान्वयन गर्नु पर्ने छ।
ङ) सम्बन्धित निकायबाट तोकिएको समग्र कार्यहरुलाई कार्यान्वयन गर्न सहयोग पुर्याउने।
च) आ आफ्नो क्षेत्रमा संचालित उद्यम सम्बन्धित संस्थाहरुको बारेमा जानकारी छलफलमा ल्याउने।

## ६. समूहको काम, कर्तव्य र अधिकारः

क) प्रत्येक महिना समूहको बैठक बसी आ आफ्नो प्रगति समस्या चुनौती र अवसरको बारेमा छलफत गर्ने।
ख) समूह बैठकमा छलफलका एजेण्डा तयार गर्ने।
ग) सामूहिक रुपमा छलफलबाट पारित भएका प्रस्ताव एजेण्डाहरुलाई सामूहिक रुपमा निर्णय गर्ने गराउने।
घ) समूहबाट परित भएका मागहरु निर्णय गरि सम्बन्धित निकायमा पेश गर्ने।
ङ) सम्बन्धित निकायबाट सम्बोधन भएका कार्यक्रम तथा कियाकलापहरु सम्पूर्ण सदस्यहरुलाई जानकारी गराइ संचालन गर्ने।
च) समूह छाडी बसाइसराइ गरी जानु पर्ने अवस्था आईपरेमा समूहमा लगानी भएको रकमको प्रतिशत रकम समूहमा जम्मा गरि/गराइ बाँकी रकम फिर्ता गरी सम्मान पूर्वक विदाई गर्ने। साथै समूहमा आवद्ध हुन चाहने सदस्यलाई तोकिएको शुल्क लिई समूहमा सहभागी गराउने।

**७. कार्यक्रम तथा बजेटको व्यवस्थाः**

क) उद्यमसंग सम्बन्धित कार्यक्रम संचालनको लागि तपशिल बमोजिम व्यवस्था गर्न सकिने छः

१) अर्जुनचौपारी गाउँपालिकाको निर्णय अनुसारको रकम ।

२) शसर्त तथा निशर्त रुपमा सम्बन्धित शाखा तोकी आएको संघ तथा प्रदेश स्तरका कार्यक्रमहरु।

३) समूहले संघ तथा प्रदेशमा माग गरी विनियोजन भई शसर्त वा निशर्त रुपमा व्यवस्था भए बमोजिमको रकम।

४) अन्य श्रोतबाट प्राप्त वा भए अनुसारका कार्यक्रमहरु गैर सरकारी संघ संस्थाहरु।

**८. अनुगमन मूल्याङ्कनः**

अनुगमन मूल्याङ्कनका लागि संघ प्रदेश र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखाको शाखा प्रमुख वा प्रमुखले खटाएको कर्मचारी रहने व्यवस्था गरिएको छ।

क) अर्जुनचौपारी गाउँपालिकाको बार्षिक विकास बजेट्याद व्यवस्था भएको कार्यक्रमको हकमा तपशिल अनुसारको अनुगमन समिती रहने व्यवस्था गरिएको छ।

| | |
|---|---|
| संयोजक | - उपाध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| सम्बन्धित वडाको वडाअध्यक्ष र वडा सचिव | -सदस्य |
| सम्बन्धिन शाखाको शाखा प्रमुख | -सदस्य सचिव |
| सम्बन्धित वडाको वडाअध्यक्ष र वडा सचिव | -सदस्य |
| सम्बन्धित वडा अध्यक्ष र सचिव | -सदस्य |
| अन्तर समूह सदस्यबाट | १ जना सदस्य |
| सम्बन्धित वडाको प्राविधिक | १ जना सदस्य |

**ख) अनुगमनका सुचकहरुः**

१) नियमित बैठक बसेको/नवसेको र बैठकमा उपस्थितीको अवस्था

२) समूहमा बचतको अवस्था

३) समूहमा बचत परिचालनको अवस्था

४) कार्यक्रम कार्यान्वयनको अवस्था

५) समूहमा उत्पादनको अवस्था

६) समूहमा बजारीकरण तथा उत्पादनको उतपादनको आदि।

मूल्याङ्कनका आधारहरुः

| उपलब्ध कार्यक्रमको आधारमा | अति उत्तम | उत्तम | मध्यम | सन्तोषजनक |
|---|---|---|---|---|
| मुल्याङ्कन % | ७५-१०० | ६०-७५ | ५०-६० | ५० भन्दा कम |
| कैफियत | | | | |

९. विविधः समूहमा आवद्ध भइसकेको अवस्थामा व्यक्तिगत स्वार्थका लागि कुनै पनि कार्यक्रम/क्रियाकलापमा भाग लिनु हुँदैन। यदि एउटै प्रकृतिका दोहोरा सेवा सुविधा प्राप्त गर्नेको हकमा पहिला प्राप्त गरेको सेबा वा सुविधा मात्र उपभोग गर्नु पर्ने छ। छुट्टाछुट्टै प्रकृतिका कार्यक्रम प्राप्त गर्नको लागि कुनै बाधा हुनेछैन।

माथी उल्लेखित विवरणहरुको आधारमा महिला उद्यमशिलता कार्यक्रमहरु संचालनको क्रममा तपशिल बमोजिम हुने छ।

**बाख्रापालनः**

क) बाख्रापालन कार्यक्रममा ९ महिना उमेर पूरा भएका २ वटा पठ्यांङ्ग्री वा कृषक स्वंयमलाई खरिद गर्न लगाई आवश्यक कागजातको आधारमा नगदै रकम रु.१५ हजार सम्म।

ख) बाख्रा संख्या (माउ र पाठापाठी) १० बटा सम्म अटाउन सक्ने क्षमताको खोर निर्माण वा मर्मत संभारका लागि दोस्रो वर्ष लाभग्राहीको ५०% र प्रथम पक्षको तर्फबाट ५०% (कुत्त लागत ३० हजार मा नबढाई। अनुदान प्राप्त गर्न सक्ने छन्।

ग) बजारिकरणका तौल मेसिन ५० किलोग्राम सम्म क्षमताको प्रति समूह एक बटा ५०% अनुदानमा उपलब्ध गराउन सकिने छ।

घ) ६/६ महिनामा समूहका लागि आन्तरिक र बाह्य परजिवी विरुद्र डेन्चिा कार्यक्रम (जुका, माटे, नाम्ले र जुम्रा किर्ना विरुद्ध)

ङ) अन्य विविध कियाकलाप समूहका सदस्यहरु आफैले गर्न सक्नेछन् ।

**मौरीपालनः**

क) आधुनिक गोलासहितको मौरी घार १, खाली घार १ वटा गाउँपालिकाबाट स्थानीय स्तरमा प्रचलित मुल्यको आधारमा वितरण गर्न सकिने छ।

ख) सामाग्रीमा आवश्यकता हेरी टोपी, पञ्जा, धुवादानी, मह मदानी, क्विन गेट, रानी पिंजडा क्यारियक्स, आदि सामाग्रीहरु उपलब्ध गराउन सकिने छ।

ग) मौरी चरनको लागि मौरीले मन पराउने जातका फूलका बीउ बिरुवाहरु उपलब्ध गराउन सकिने छ।

घ) मौरीपालनका लागि आधारभुत तालिम उपलब्ध गराउन सकिने छ।

ङ) मौरीपालनका लागी तालिम प्राप्त गरेका किसान/उद्यमीले प्राप्त गरेको अनुदान सामाग्रीमा ५०% साझेदारी बेहोर्नुपर्ने छ।

**करेसाबारी/तरकारी खेतीः**

क) बर्षै भरि हरियो तरकारी उत्पादन हुने गरी कम्तिमा आधा रोपनी भन्दा बढी जमिन हुनुपर्ने

ख) कृषि शाखाबाट बाली पात्रो तयार गरी मौसमी बेमौसमी तरकारीको बीउ ५०% अनुदानमा उपलब्ध गराउन सकिने छ।

**विविधः** हस्तकला सामाग्री उत्पादन ,हाते सामाग्री टोपी, झोला,मादल बजाउने ,बिभिन्न आयमूलक कार्यको लागी तालिम दिन सकिने छ।